# नेपालमा कार्यरत निकायहरुको कार्यसञ्चालनका आधारभूत मार्गदर्शनहरु

१. हामी नेपाली जनताको जीवनस्तरमा सुधार ल्याउन योगदान गर्नका लागि नेपालमा कार्यरत छौं । हाम्रा सहयोग गरिबी घटाउन, आधारभूत आवश्यकताहरु परिपूर्ति गर्न र समुदायहरुलाई आत्मनिर्भर हुनमा केन्द्रित हुनेछ ।

२. स्थानीय समुदायहरुले स्वेच्छाले व्यक्त गरेका चाहना बमोजिम हामी काम गर्दछौं र जनमर्यादा, तिनीहरुको संस्कृति, धर्म र रीतिरिवाजलाई सम्मान गर्दछौं ।

३. हामीले नेपालको गरिब र सामाजिक रुपले पिछडिएका जनताहरुका लागि तिनीहरु जहाँतहीँ बसेको भए पनि र जोसुकै भए पनि सहयोग पुर्‍याउँदछौं । हामी कुनै राजनीतिक, जातिगत वा धर्मको आधार नभई आवश्यकताको आधारमा मात्र सहयोगका लागि प्राथमिकता दिन्छौं ।

४. हाम्रा सहयोग पारदर्शी गर्नमा हामी सुनिश्चित छौं र हामीले गरिब जनता र तिनीहरुको समुदायहरुलाई कार्यक्रम तर्जुमा, व्यवस्थापन र कार्यान्वयनमा समेत सहभागी गराउँदछौं । हमीले सहयोग पुर्‍याउन खोजेका जनताप्रति र उक्त सहयोगका लागि स्रोत र साधन पुर्‍याउनेप्रति हामी जवाफदेही हुनेछौं ।

५. खासगरी लिंग, जातिगत, जात र धर्मको आधारमा गरिने भेदभाव र सामाजिक बहिष्कारजस्तो आचरणलाई सुधार्नमा हाम्रा सहयोगलाई सुनिश्चित गर्न खोजिनेछ ।

६. हाम्रा कामका लगि चाहिने योग्यता भएको र काम सुहाउँदो कर्मचारीहरु मात्र भर्ना गर्दछौं । हामीले कुनै राजनीतिक र अन्य कुनै कुराहरुको आधारमा कर्मचारी छनौट गरी भर्ना गर्दैनौं ।

७. हाम्रा कर्मचारीहरु र विकासमा साझेदारहरुलाई हिंसा, अपहरण, हैरानी र त्रास वा अन्य कुनै किसिमको धम्की दिने कार्य हामीलाई स्वीकार्य हुनेछैन ।

८. हाम्रा मुख्य मूल्य र मान्यताहरुलाई सम्झौतागर्न हाम्रा कर्मचारीहरुलाई बाध्य तुल्याउने ठाउँमा हामी कार्य गर्दैनौं ।

९. हाम्रा सहयोगलाई कुनै किसिमको सैनिक, राजनीतिक वा साम्प्रदायिक अभिप्रायको लागि प्रयोग गर्ने कुरा हामीलाई मान्य हुनेछैन ।

१०. हामी राजनीतिक दलहरुलाई कुनै किसिमको चन्दा प्रदान गर्दैनौं साथै कुनै किसिमको करकापमा नगद वा जिन्सी कसैलाई प्रदान गर्दैनौं ।

११. हाम्रा कार्यक्रममा उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्न बाहेक अन्य कार्यहरुमा हाम्रा उपकरण, मालसामानहरु र साधनहरु प्रयोग गर्न दिइने छैन । हाम्रा सवारीसाधनहरु हाम्रा विकास कार्यक्रमहरुसँग प्रत्यक्ष सम्बन्ध नभएका व्यक्तिहरु वा मालसामानहरु ढुवानी गर्नमा प्रयोग गरिने छैन । हाम्रा सवारीसाधनहरु सशस्त्र सैनिक वा जंगी पोसाक लगाएका कर्मचारीहरु ओसारपसार गर्न प्रयोग गरिने छैन ।

१२. विकासका लागि वा मानवीय प्रयोगका लागि ल्याइएका मालसामानहरुको चोरी, अन्य कार्यमा प्रयोग गर्ने वा दुरुपयोग गर्नेजस्तो कार्यहरु हामीलाई मान्य हुनेछैन । यस्तो मालसामानहरु विना रोकटोक विकास कार्यस्थलसम्म पुर्‍याउन जरुरी छ ।

१३. हामी सबै सम्बन्धित व्यक्तिहरुलाई विकास कार्य र मानवीय कार्यहरुमा कार्यरत हाम्रा कर्मचारीहरुलाई सहयोगको आवश्यकता पर्ने जनतासम्म पुर्‍याउन र यी कार्यहरुको लागि चाहिने स्रोत साधनहरु सकेसम्म चाँडो पुर्‍याउन र तिनीहरुको सुरक्षा गर्न, सुरक्षा दिन र विना रोकटोक आवगमन गर्न सहयोग गरिदिनु हुन आग्रह गर्दछौं ।

१४. हामी सम्बन्धित सबै पक्षले अन्तर्राष्ट्रिय मानवीय सिद्धान्तहरु तथा मानव अधिकार कानुनको स्पष्ट पालना गर्ने अपेक्षा राख्दै उनीहरूलाई यस निम्ति प्रोत्साहित गर्दछौं ।

United Nations

European Commission

Danida
MINISTRY OF FOREIGN AFFAIRS OF DENMARK
Danish International Development Assistance

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Swiss Agency for Development and Cooperation SDC

Canadian International Development Agency

NORWEGIAN EMBASSY

DFID Department for International Development

Australian Government
AusAID

JICA
Japan International Cooperation Agency

gtz
German Technical Cooperation

FORMIN.FINLAND.FI
EMBASSY OF FINLAND KATHMANDU

SNV Netherlands Development Organisation
Connecting People's Capacities

ain
Association of International NGOs in Nepal